वस्तुगत प्रश्नोत्तर

१. **अन्तर्राष्ट्रिय आप्रवासी कामदार दिवस कहिले मनाउने गरिन्छ ?**
✍ डिसेम्बर १८
- संयुक्त राष्ट्रसङ्घले डिसेम्बर १८, १९९० का दिन आप्रवासी कामदार र तिनका परिवारका सदस्यको अधिकार संरक्षणसम्बन्धी महासन्धि, १९९० पारित गरी सन् २००३ जुलाई १ बाट यसलाई कार्यान्वयनमा ल्याएको र संयुक्त राष्ट्रसङ्घको महासभाले सन् २००० डिसेम्बर ४ मा १८ डिसेम्बरलाई अन्तर्राष्ट्रिय आप्रवासन दिवसका रूपमा मनाउने निर्णय गरेपश्चात् नेपालमा पनि यो दिवस मनाउँदै आइएको ।
- 'सचेत, सीपमूलक र सुरक्षित रोजगार : मर्यादित श्रम आप्रवासनको मूल आधार' भन्ने मूल राष्ट्रिय नाराका साथ यस वर्ष (सन् २०२१ मा) यो दिवस मनाइएको ।

२. **बेलायतमा विद्युतीय विमानको सफल परीक्षण उडान कहिले गरिएको हो ?**
✍ सन् २०२१ नोभेम्बर २३

३. **चीनद्वारा पृथ्वी विज्ञान उपग्रहको प्रक्षेपण कहिले गरिएको हो ?**
✍ सन् २०२१ नोभेम्बर ५

४. **सन् २०२१ को बुकर पुरस्कार कसलाई प्रदान गरियो ?**
✍ डामोन गाल्गोट (दक्षिण अफ्रिकी लेखक)

५. **गोरखापत्रको कोहलपुर प्रकाशनको परीक्षण छपाइ कहिले गरिएको हो ?**
✍ वि.सं. २०७८ मङ्सिर ४
- परीक्षण प्रकाशनपश्चात् (फागुन ७ भित्रै) नियमित प्रकाशन सुरु गर्ने योजना रहेको ।
- पश्चिम नेपालका तीनवटा प्रदेशका सबै जिल्लामा सहज र छिटो गोरखापत्र पुगोस् भन्ने उद्देश्यअनुरूप कोहलपुर प्रकाशन सुरु गरिएको ।

६. **बेलायतद्वारा पहिलोपटक कोरोनाविरुद्धको खाने औषधि स्वीकृत कहिले गरिएको हो ?**
✍ सन् २०२१ नोभेम्बर ३

७. **नेपालमा पहिलो पटक रेम्डेसिभिर उत्पादनको थालनी कहिलेदेखि भएको हो ?**
✍ वि.सं. २०७८ असार १३

८. **एक वडा, एक कालोपत्रे सडकको योजना ल्याउने स्थानीय तह कुन हो ?**
✍ फुङलिङ न.पा., ताप्लेजुङ
- (ताप्लेजुङ जिल्लाको एक मात्र नगरपालिका फुङलिङले आर्थिक वर्ष (२०७७/७८) देखि कार्यान्वयनमा ल्याउने गरी उक्त योजनाको तयारी थालेको ।)

९. **बीपी राजमार्ग कुन देशको सहयोगमा निर्माण भएको हो ?**
✍ जापान
- बनेपा-बर्दिवाससम्मको यो सडक १६० कि.मि. लामो रहेको ।
- वि.सं. २०५२/५३ देखि निर्माण सुरु भई २०७१ मा सम्पन्न भएको यो सडक २०७२ असार १८ मा नेपाल सरकारलाई हस्तान्तरण गरिएको ।

१०. **भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीद्वारा कृषिसम्बन्धी विवादास्पद तीनवटा कानुन खारेज कहिले गरिएको हो ?**
✍ सन् २०२१ नोभेम्बर १९

११. **वायो फ्लोक प्रविधि केसँग सम्बन्धित छ ?**
✍ माछापालन

१२. **जिल्ला समन्वय समिति बढीमा कति सदस्यीय हुने व्यवस्था छ ?**
✍ ९

१३. **क्षेत्रफलका हिसाबले सबैभन्दा ठूलो उपमहानगरपालिका घोराही (दाङ) हो भने सबैभन्दा सानो उपमहानगरपालिका कुन हो ?**
✍ नेपालगञ्ज, बाँके
- जनसङ्ख्याका आधारमा सबैभन्दा ठूलो उपमहानगरपालिका : जनकपुर ।
- सबैभन्दा बढी वडा सङ्ख्या भएको उपमहानगरपालिका : कलैया (बारा, २७ वडा) ।

१४. **पृथ्वीबाट देखिने सबैभन्दा चम्किलो तारा कुन हो ?**
✍ डग स्टार

१५. **नेपालमा कृषि गणनाको सुरुवात कहिलेदेखि भएको हो ?**
✍ वि.सं. २०१८ (हरेक १०/१० वर्षमा हुने)

१६. **कैलालीको धनगढीमा निर्माण गरिएको वायुयान सङ्ग्रहालय (एयरक्राफ्ट म्युजियम) कहाँ सारिएको छ ?**
✍ नेपालगञ्ज
- सुदूरपश्चिमको पर्यटन विकासमा टेवा पुऱ्याउने उद्देश्यका साथ धनगढीका क्याप्टेन वेद उप्रेतीद्वारा सो सङ्ग्रहालय निर्माण गरिएको थियो ।
- जग्गा अभावका कारण सो सङ्ग्रहालय नेपालगञ्ज सार्नुपरेको जनाइएको ।
- कस्मिक एयरको फोकर-१०० ग्राउन्डेड जहाज खरिद गरी निर्माण गरिएको उक्त सङ्ग्रहालयमा राइट दाजुभाइका पालादेखि हालसम्म बनेका एयरक्राफ्टका पाइलटरहित ड्रोन मोडेल प्रदर्शनीका लागि राखिएको ।
- क्याप्टेन उप्रेतीले काठमाडौँमा पनि एभिएसन एयरक्राफ्ट म्युजियम सञ्चालन गर्नुभएको छ ।

१७. **अन्तर्राष्ट्रिय पर्वतीय चलचित्र महोत्सव (किम्फ) मा सर्वोत्कृष्ट पर्वतीय फिल्म अवार्ड हात पार्न सफल चलचित्र कुन हो ?**
✍ गड्ज बफ्यालो
- सिन्धुपाल्चोकको चनौटेमा उर्लिएको बाढीले बगाएको भैँसीको कथालाई समेटेर सो चलचित्र निर्माण गरिएको । बगाएको भैँसी भेट्टाउनुमा अति नै दुःखकष्ट झेल्नुपरेको कथाव्यथा त्यसमा समेटिएको ।
- गड्ज बफेलोले एक हजार अमेरिकी डलर पुरस्कारसमेत हात पारेको ।
- १९औँ संस्करणको सो महोत्सवमा नेपाल पानोरमा खण्डअन्तर्गत किरण श्रेष्ठ निर्देशित चलचित्र 'येट एनादर विन्टर' उत्कृष्ट आख्यान चलचित्र बन्न सफल भएको । जितसहित फिल्मले एक लाख रुपियाँ नगद पुरस्कार हात पारेको ।
- अन्तर्राष्ट्रिय खण्डतर्फ पाम्लो बारबास निर्देशित ५४ मिनेट लामो फिल्म 'एभरेस्ट : द हार्ड वे' सर्वोत्कृष्ट बन्दै दुई लाख रुपियाँ पुरस्कार प्राप्त गरेको ।
- महोत्सवमा ४० फिल्म अन्तर्राष्ट्रिय प्रतिस्पर्धा र १३ फिल्म नेपाली पानोरमा विधामा संलग्न रहेका ।

१८. **विश्व स्वास्थ्य सङ्गठनको आह्वानमा प्रतिजैविक सप्ताह कहिलेदेखि मनाउन थालिएको हो ?**
✍ सन् २०१५
- संयुक्त राष्ट्रसङ्घअन्तर्गतका विश्व स्वास्थ्य सङ्गठन, खाद्य तथा कृषि सङ्गठन र विश्व पशु स्वास्थ्य सङ्गठनको संयुक्त आह्वानमा विश्वभरि नै नोभेम्बर १८ देखि २४ गतेसम्म प्रतिजैविक सचेतना सप्ताह मनाउने गरिएको ।
- हाल विश्वभर प्रतिजैविक (एन्टी वायोटिक) औषधिले काम नगरेका कारण बर्सेनि सात लाख मानिसको मृत्यु भइरहेको अनुमान विश्व स्वास्थ्य सङ्गठनले गरेको । पछिल्ला दुई तीन दशकदेखि जीवाणुले प्रतिजैविक औषधिविरुद्ध प्रतिरोध विकास गर्दै गइरहेको देखिएको । जीवाणुले यसरी प्रतिजैविक औषधिविरुद्ध प्रतिरोध विकास गर्नमा चिकित्सक र पशु चिकित्सकको सिफारिसबिना मानिस र पशुपन्छीमा आवश्यकताभन्दा बढी प्रतिजैविक औषधिको प्रयोग, चाहिनेभन्दा कम वा बढी मात्रामा प्रयोग, अस्पतालमा सङ्क्रमण रोकथामसम्बन्धी अपर्याप्त व्यवस्थापन, अस्पतालबाट उत्पादन हुने फोहोरको उचित व्यवस्थापन नहुनु एवं पछिल्लो तीन दशकयता कुनै पनि नयाँ समूहका प्रभावकारी प्रतिजैविक औषधि आविष्कार हुन नसक्नु मुख्य कारण रहेका ।

१९. **व्यावसायिक कफी खेती सर्वेक्षण २०७५/७६ अनुसार व्यावसायिक कफी खेती गरिएका प्रदेश कुन-कुन हुन् ?**
✍ प्रदेश १, बागमती प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेश
- केन्द्रीय तथ्याङ्क विभागद्वारा गरिएको सो सर्वेक्षणअनुसार सबैभन्दा बढी व्यावसायिक कफी उत्पादन बागमती प्रदेशमा गरिएको ।
- व्यावसायिक रूपमा कफी खेती गरिएका जिल्ला ३५ रहेका ।
- सबैभन्दा बढी कफी उत्पादन हुने जिल्ला काभ्रे र दोस्रोमा स्याङ्जा रहेका ।

२०. **'रोमको एउटा फूल' र 'पेरिसको एउटा काँडा'का लेखक को हुन् ?**
✍ लैनसिंह बाङ्देल

२१. **विश्वमै दुर्लभ एकसिङ्गे गैँडाको संरक्षणका लागि सरकारद्वारा घोषित पाँचवर्षे योजनाको अवधि कुन हो ?**
✍ सन् २०१७-२०२१

२२. **बौद्ध धर्मसँग सम्बन्धित प्रमुख चार धाम कुन-कुन हुन् ?**
✍ लुम्बिनी, बोधगया, सारनाथ र कुशिनगर

२३. **राष्ट्रिय वनस्पति उद्यान र राष्ट्रिय हर्बेरियम तथा वनस्पति प्रयोगशाला कहाँ रहेका छन् ?**
✍ गोदावरी, ललितपुर

- वि.सं. २०१९ कात्तिक १२ मा शाही वनस्पति उद्यानका रूपमा स्थापित यो उद्यान २०६२/६३ को जनआन्दोलनपश्चात् राष्ट्रिय वनस्पति उद्यानका रूपमा नामाङ्कित भएको ।
- दशकौँ पुराना रुख र वनस्पतिको साझा भण्डारका रूपमा रहेको यो उद्यान वैज्ञानिकका लागि उपयुक्त अनुसन्धान केन्द्र रहेको ।
- यस उद्यानमा हाल ५७५ प्रजातिका फूल, २९० प्रजातिका पन्छी, २५० प्रजातिका पुतली एवं अनगिन्ती वनस्पति पाइने ।
- यहाँ रहेको राष्ट्रिय हर्बेरियम तथा वनस्पति प्रयोगशाला (सन् १९६१ मा स्थापित)मा फूल फुल्ने र नफुल्ने गरी एक लाख ६५ हजार वनस्पतिका नमुना राखिएको ।

प्रस्तुतकर्ता : टङ्क केसी

विषयगत प्रश्नोत्तर

सार्वजनिक सेवा प्रवाह

१. **सार्वजनिक प्रशासनको उद्देश्यहरू के के हुन् ? लेख्नुहोस् ।**
✍ सरकारका नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने स्थायी संयन्त्र सार्वजनिक प्रशासन हो । यो संयन्त्र देशको राजनीतिक प्रणाली, संविधान, कानुनअनुरूप सञ्चालन हुने गर्छ । यसका उद्देश्यहरू सामान्यतया निम्न हुने गर्छन् :
- देशको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता एवं स्वाधीनताको रक्षा गर्ने,
- नागरिकको जिउ, धन, समानता र स्वतन्त्रताको संरक्षण गर्ने,
- कानुनको शासन, मौलिक हक तथा मानव अधिकारको पालना गर्ने, गराउने,
- सामाजिक न्यायका माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्ने,
- लोककल्याणकारी राज्यव्यवस्थाको स्थापना गर्ने,
- स्थानीय स्वायत्तता र विकेन्द्रीकरणका आधारमा शासन व्यवस्थामा समानुपातिक सिद्धान्तलाई आत्मसात् गर्ने,
- सार्वजनिक सेवा प्रवाहलाई चुस्त एवं प्रभावकारी बनाउने,
- साधनस्रोतको न्यायोचित वितरणको व्यवस्था मिलाउने,
- नागरिकलाई सामाजिक सुरक्षादेखि सामाजिक न्याय दिलाउने,
- दिगो शान्ति, सुशासन, विकास र समृद्धि कायम गर्ने,
- संविधान, ऐन नियमको निष्पक्ष कार्यान्वयन गर्ने ।

२. **सार्वजनिक सेवा प्रवाहका आधारभूत विशेषताहरू के के हुन् ? चर्चा गर्नुहोस् ।**
✍ सरकारले सर्वसाधारण जनतालाई प्रदान गर्ने वस्तु तथा सेवा प्रवाहका आधारभूत विशेषतालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :
- **कानुनमा आधारित सेवा :**
- प्रचलित कानुनका विधि, प्रक्रिया अवलम्बन गरेर सेवा प्रदान गर्नुपर्ने भएकाले सार्वजनिक सेवा कानुनमा आधारित हुन्छ ।
- **निरन्तरता :**
- यो हिजो, आज र भोलि नियमित रूपमा प्रदान गर्नुपर्ने भएकाले यसमा निरन्तरता हुन्छ ।
- **एकरूपता :**
- सबै सरकारी निकायबाट प्रवाह गर्ने सेवा प्रवाहमा एकरूपता हुन्छ । भाषा, फाराम, गुणस्तरमा एकरूपता हुन्छ । समानता हुन्छ ।
- **निष्पक्षता :**
- सरकारी सेवा कसैलाई पनि विभेद नगरी प्रवाह गरिन्छ । यसमा सबैको समान अधिकार हुन्छ । पिछडिएका वर्ग, नागरिकको विशेष अधिकार तथा व्यवस्थासमेत गरिएको हुन्छ ।
- **सरलता :**
- सरल विधि, प्रक्रिया एवं मापदण्ड अवलम्बन गरेर सरकारी सेवा प्रवाह हुने गर्छ ।
- **विविधता :**
- हरेक प्रकारका सेवा प्रवाह गर्नुपर्ने भएकाले सार्वजनिक सेवा प्रवाहमा विविधता हुन्छ ।
- **सङ्गठनमा आधारित :**
- केन्द्रदेखि स्थानीय तहसम्म विभिन्न सङ्गठन निर्माण गरेर सेवा प्रवाह गर्ने भएकाले यो सङ्गठनमा आधारित हुन्छ । सार्वजनिक सङ्गठनमार्फत सेवा प्रवाह हुन्छ । जस्तै : जिल्ला प्रशासन कार्यालयबाट नागरिकता वितरण ।
- **सिद्धान्तमा आधारित :**
- समन्वय, सञ्चार, पदसोपान, नियन्त्रण, प्रतिवेदन लगायतका सिद्धान्तको अवलम्बन गरेर सेवा प्रवाह गर्नुपर्ने भएकाले यो सिद्धान्तमा आधारित हुन्छ । यसले सेवा प्रवाहमा चुस्तता ल्याउँछ ।
- **सर्वव्यापी :**
- सेवा प्रवाह सबैतर्फ र सबै जनालाई प्रवाह गर्नुपर्ने भएकाले यो सर्वव्यापी हुन्छ । स्वदेश, विदेश, मानिस जन्मनुपूर्वदेखि मृत्यु पर्यन्तसम्म सेवा आवश्यक पर्छ ।
- **सर्वस्वीकार्यता :**
- सबैले लिनुपर्ने, सबैलाई आवश्यक पर्ने भएकाले सार्वजनिक सेवालाई सबै नागरिकले स्वीकार गर्छन् ।
- **गुणस्तरीयता :**
- सार्वजनिक सेवा प्रवाहमा गुणस्तरीयता कायम हुनुपर्छ । नागरिकको विश्वास आर्जन हुने गरी सेवाको गुणस्तर बढाउँदै जानुपर्छ ।
- **परिवर्तनशीलता :**
- समयसन्दर्भबमोजिम सेवा प्रवाहमा सुधार गर्नुपर्छ । नागरिकको माग र आवश्यकताअनुसार नयाँनयाँ सेवा प्रवाह गर्नुपर्ने भएकाले यो परिवर्तनशील हुन्छ । जस्तै : अहिलेको स्मार्ट पासपोर्ट, विद्युतीय माध्यमबाट बिजुली, पानीको भुक्तानी लगायतका अनलाइन सेवा आदि परिवर्तनशील सेवा हुन् ।
- **पारदर्शिता :**
- सार्वजनिक सेवा प्रवाहमा ढिलासुस्ती, अनियमितता गर्नु हुँदैन, सेवामा समान पहुँच हुनुपर्ने भएकाले यसमा पारदर्शिता हुनुपर्छ । निगरानी राख्ने निकायको यसमा सधैँ ध्यान जानुपर्छ ।

३. **सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले गर्ने कार्यहरू के के हुन् ? उल्लेख गर्नुहोस् ।**
✍ सार्वजनिक ऋण व्यवस्थापन कार्यालय नेपालको अर्थ मन्त्रालयअन्तर्गत रहेको कार्यालय हो । यसले गर्ने कार्यहरू निम्नानुसार छन् :
- प्रत्येक वर्ष उठाउन सकिने सार्वजनिक ऋणको आवश्यकता प्रक्षेपण गरी अर्थ मन्त्रालयमा सुझाव पेस गर्ने,
- सार्वजनिक ऋण व्यवस्थापनसम्बन्धी अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन नीति प्रस्ताव तयार गरी अर्थ मन्त्रालयमा पेस गर्ने,
- प्रदेश तथा स्थानीय तहको सार्वजनिक ऋणको सीमा तथा परिचालनका क्षेत्रसम्बन्धी सुझाव दिने,
- वैदेशिक ऋण सम्झौताअनुसार वैदेशिक ऋणको साँवा, ब्याज तथा अन्य शुल्क भुक्तानी गर्ने, हिसाब मिलान गर्ने,
- नेपाल सरकारको तर्फबाट सेयर तथा ऋण लगानीसम्बन्धी काम गर्ने,
- आन्तरिक तथा वैदेशिक ऋण भुक्तानी लगायतका लागि त्रिवर्षीय बजेट प्रक्षेपण गरी अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगमा पेस गर्ने ।

४. **गाउँपालिका तथा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार के के हुन् ? लेख्नुहोस् ।**
✍ गाउँपालिका तथा नगरपालिकाको प्रशासकीय प्रमुखका रूपमा काम गर्ने प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार स्थानीय कानुनद्वारा तोकिने व्यवस्था छ । स्थानीय कानुनद्वारा नतोकेसम्मका लागि प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेख छ :
- सभा र कार्यपालिकाको सचिवका रूपमा कार्य गर्ने,
- सभा र कार्यपालिकाको निर्णय कार्यान्वयन गर्ने, गराउने,
- अध्यक्ष वा प्रमुखको निर्देशनमा वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन गर्ने, गराउने,
- आर्थिक कारोबारको अभिलेख व्यवस्थित राख्ने, राख्न लगाउने,
- आय-व्ययको लेखापरीक्षण गराउने,
- बेरुजु फछ्र्योट गर्ने, गराउने,
- आयोजनाको फरफारकका लागि प्रतिवेदन तयार गरी कार्यपालिकाको बैठकमा पेस गर्ने,
- चलअचल सम्पत्तिको संरक्षण गर्ने, लगत राख्ने तथा अद्यावधिक गर्ने, गराउने,
- अध्यक्ष वा प्रमुखको निर्देशनमा कार्यपालिका तथा सभाको बैठक बोलाउने र बैठकसम्बन्धी आवश्यक कार्य गर्ने, गराउने,
- कार्यपालिकाको निर्णय प्रमाणित गर्ने,
- सभा र कार्यपालिकाको निर्णयको अभिलेख सुरक्षित गर्ने,
- न्यायिक समितिबाट भएको मिलापत्र तथा निर्णयसम्बन्धी मिसिल संरक्षण गर्ने, गराउने,
- गाउँपालिका वा नगरपालिकाको प्रशासकीय नियन्त्रण गर्ने, आर्थिक नियन्त्रण गर्ने,
- सार्वजनिक खरिद योजना तयार गरी खरिदसम्बन्धी कार्य गर्ने, गराउने,
- सभा वा कार्यपालिकाले तोकेको अन्य कार्य गर्ने, गराउने ।

५. **आर्थिक प्रशासन भनेको के हो ? यसको महत्त्वबारे चर्चा गर्नुहोस् ।**
✍ सरकारको आर्थिक साधनस्रोतको तर्जुमा गर्ने, सङ्कलन एवं प्राप्ति गर्ने, बाँडफाँट गर्ने, उपयोग एवं कार्यान्वयन गर्ने, लेखाङ्कन गर्ने, प्रतिवेदन गर्ने, लेखापरीक्षण, मूल्याङ्कन एवं पृष्ठपोषण गर्नेसम्मका कार्यको समष्टिगत रूपलाई आर्थिक प्रशासन भनिन्छ । यो सरकारको आय र व्ययको व्यवस्थापन गर्ने संयन्त्र हो । डिमक एन्ड डिमकले यो आधुनिक सरकारको प्रमुख अङ्ग हो, जसले सरकारी सेवाका लागि रकम सङ्कलन गर्ने, खर्च गर्ने र लेखा राख्ने प्रक्रिया र निकायको पहिचान दिन्छ भनी अर्थ लगाएका छन् । यो सार्वजनिक प्रशासनको एक अभिन्न अङ्ग हो । मुलुकमा आर्थिक वृद्धि, आर्थिक स्थायित्व र सामाजिक न्याय कायम गर्न यसले सहयोग गर्छ ।
- **आर्थिक प्रशासनको महत्त्व**
- सार्वजनिक प्रशासनका मूलभूत पक्ष सामान्य प्रशासन, विकास प्रशासन, कर्मचारी प्रशासन र आर्थिक प्रशासनमध्ये आर्थिक प्रशासन एउटा यस्तो पक्ष हो, जुनलाई यीबाट बाहिर झिकिदिँदा अरू सबै प्रायः निष्प्रभावी हुन्छन् । कौटिल्य भन्दछन्- सम्पूर्ण गतिविधि अर्थमा निर्भर रहन्छ, त्यसैले सबैभन्दा बढी ध्यान ढुकुटी बलियो बनाउनमा दिनुपर्छ । प्रस्तुत सन्दर्भ एवं भनाइबाट आर्थिक प्रशासनको महत्त्व बुझ्न सकिन्छ । यसको अरू महत्त्वलाई निम्न बुँदाबाट उल्लेख गर्न सकिन्छ :
- यसले सरकारको आयव्ययको कुशल व्यवस्थापन गर्छ ।
- आर्थिक प्रशासनसम्बन्धी ऐन, नियमको पालना गरी आर्थिक अनुशासन कायम गर्न एवं वित्तीय जवाफदेहिता प्रवर्द्धन गर्न मद्दत गर्छ ।
- सार्वजनिक प्रशासनले गर्नुपर्ने नियमित कार्य, आकस्मिक कार्य र विकाससम्बन्धी कार्यलाई आवश्यक पर्ने साधनस्रोतको व्यवस्था गर्छ ।
- सरकारलाई नीति, योजना, कार्यक्रम तर्जुमा गर्न, निर्णय गर्न आवश्यक पर्ने वित्तीय सूचना उपलब्ध गराई सहयोग गर्छ ।
- मुलुकमा सुशासन कायम गर्न गराउन मद्दत गर्छ ।
- सार्वजनिक प्रशासनको मेरुदण्डका रूपमा कार्य गर्छ ।
- मुलुकको आर्थिक, सामाजिक एवं भौतिक पूर्वाधार विकास गरी समग्र राज्यको सुदृढीकरण गर्न आवश्यक पर्ने आर्थिक साधनको मितव्ययी प्रयोग एवं व्यवस्थापन गर्छ ।
- मुलुकमा व्यवस्था गरिएका संवैधानिक एवं कानुनी प्रावधानको पालना गर्न र गराउन सहयोग गर्छ ।
- सरकारी आय र व्ययको यथार्थ सूचना प्रवाह गर्छ ।

६. **आयात निर्यात व्यापारमा भन्सार प्रशासनको भूमिकाबारे चर्चा गर्नुहोस् ।**
✍ दुई देशको सिमानामा मालवस्तु आयात निर्यात हुँदा लाग्ने महसुल असुली गर्ने निकाय भन्सार प्रशासन हो । भन्सारमा आयात निर्यात हुने मालवस्तु भन्सार लगाउने आधार हुन् भने आयात निर्यातकर्ता यसका करदाता हुन् । भन्सार प्रशासनले परम्परागत रूपमा राजस्व सङ्कलन गर्दै आएकोमा हाल आएर व्यापार सहजीकरण, सामाजिक सुरक्षा, राजस्व सङ्कलन तथा सीमा व्यवस्थापनको भूमिका निर्वाह गर्दै आएको छ । आयात निर्यात व्यापारमा भन्सार प्रशासनको भूमिका बहुआयामिक हुन्छ, जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :
- आयात निर्यात व्यापारमा लाग्ने भन्सार महसुल, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क र अन्य कर असुली गर्ने,
- छिटोछरितो मालवस्तु जाँचपास गरी व्यापार सहजीकरण गर्ने,
- आयात निर्यात व्यापारमा व्यावसायिक लागत कम गर्न मद्दत गर्ने,
- वैध वस्तुको सहज आपूर्तिमा सहयोग गर्ने,
- सीमा नाकामा सुरक्षा व्यवस्था सुदृढ गरी अवैध वस्तुको कडा नियन्त्रण गर्ने,
- भन्सारमा हुनसक्ने राजस्व चुहावट रोक्ने,
- लागूऔषध तथा हातहतियार ओसारपसार नियन्त्रण गर्ने,
- इमानदार यात्रुको आवागमनलाई सहज बनाउने,
- कानुनले निषेध गरेका अवैध मालवस्तु, स्वास्थ्यलाई हानि गर्ने गुणस्तरहीन मालवस्तु आदिको नियन्त्रण गरी सामाजिक सुरक्षा कायम गर्न सहयोग गर्ने,
- स्वदेशी उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थ आयात तथा स्वदेशमा उत्पादित वस्तुको निर्यातमा सहजीकरण गरी स्वदेशी उद्योगको संरक्षण एवं विकास कार्यमा सहयोग गर्ने,
- सीमा व्यवस्थापनको कार्य गर्ने,
- छिमेकी भन्सार प्रशासनसँग असल सम्बन्ध कायम गर्ने,
- भन्सार ऐन नियम कार्यान्वयन गर्ने गराउने ।

७. **नेपालमा आयोजना व्यवस्थापनका समस्या के के हुन् ? उल्लेख गर्नुहोस् ।**
✍ मुलुकको आर्थिक सामाजिक रूपान्तरणमा सहयोग गर्ने माध्यम आयोजना हुन् । आयोजनाले वस्तु तथा सेवाको उत्पादन र त्यसको न्यायोचित वितरण गरी नागरिकका आवश्यकता पूरा गर्छन् । नेपालमा आयोजना व्यवस्थापन कार्यमा सम्बन्धित आयोजना प्रमुख तथा सम्बन्धित मन्त्रालयलाई बढी जिम्मेवार बनाइएको छ । राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयले यस कार्यमा सहयोग गर्दै आएका छन् । आयोजना कार्यान्वयनमा प्रभावकारिता ल्याउन प्रधानमन्त्रीको तहबाट समेत अनुगमन र मूल्याङ्कन गर्ने व्यवस्था छ । आयोजनालाई व्यवस्थित गर्न आयोजना बैङ्कको सुरुवात गरिएको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन नियमले आयोजना व्यवस्थापनका लागि विभिन्न व्यवस्था गरेको छ र पनि नेपालमा आयोजना व्यवस्थापन व्यवस्थित हुन सकेको छैन । यसमा विभिन्न समस्या देखिएका छन्, जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :
- जनताको वास्तविक आवश्यकता र मागमा आधारित कार्यान्वयन योग्य आयोजना तर्जुमा हुन नसक्नु,
- आयोजना तर्जुमा गर्ने, बजेट व्यवस्था गर्ने र आयोजना कार्यान्वयन गर्ने निकायबीच कार्यगत समन्वयको कमी हुनु, जसले गर्दा आयोजना समयमा सम्पन्न हुन नसक्नु,
- पूर्वतयारी पूरा गरी कार्यान्वयनयोग्य आयोजना मात्र आयोजना बैङ्कमा समावेश गरी त्यस्ता आयोजनामा बजेट विनियोजन गर्ने प्रणाली पूर्ण रूपमा पालना हुन नसक्नु,
- विदेशी सहयोगबाट सञ्चालित आयोजनामा दाताको सर्तअनुरूप लेखाङ्कन, प्रतिवेदन र लेखापरीक्षण गर्न नसक्दा शोधभर्ना समयमै प्राप्त हुन नसक्नु,
- पर्याप्त पूर्वतयारी जस्तै, जग्गाको मुआब्जा निर्धारण, डीपीआर तयारी, वातावरणीय प्रभाव मूल्याङ्कन आदि कार्य सम्पन्न नगरी आयोजना सोझै कार्यान्वयनमा लैजानु,
- आपसी समन्वयको अभावका कारण राष्ट्रिय गौरवका आयोजनाको कार्यान्वयन अवस्था कमजोर हुनु,
- ठेकदारको प्राविधिक र वित्तीय क्षमता विश्लेषण नगरी आयोजना ठेक्कामा दिनु,
- ठेकेदारबाट क्षमताभन्दा बढी आयोजना होल्ड गर्ने कार्यको अन्त्य नहुनु,
- आयोजनाबाट प्रभावित नागरिकको घर तथा जग्गा मूल्याङ्कन सरल र पारदर्शी हुन नसक्दा कार्यान्वयनमा विभिन्न अवरोध आउनु,
- आयोजना कार्यान्वयन गर्न व्यावहारिक सरल कार्ययोजनाको अभाव हुनु,
- आयोजना कार्यान्वयनमा संलग्न आयोजना प्रमुखदेखि अरू कर्मचारीको छिटोछरितो सरुवा हुनु,
- आयोजना कार्यान्वयनमा ऐन नियमको पूर्ण परिपालना हुन नसक्नु,
- ठेक्कापट्टा एवं खरिद कार्य समयमा हुन नसक्नु,
- आयोजना कार्यान्वयनमा स्थानीय सरोकारवाला जनताको सहभागिता पर्याप्त नगराउनु,
- आयोजना कार्यान्वयनको अनुगमन गर्न कार्य प्रगति मापन सूचकहरू वैज्ञानिक नहुनु,
- आयोजना कार्यान्वयनको उच्च स्तरबाट अनुगमन गर्ने कार्य प्रभावकारी हुन नसक्नु ।

प्रस्तुतकर्ता : हेमचन्द्र शर्मा

QUESTION BANK NEPAL